**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा ३ को प्रयोजनको लागि**
**सार्वजनिक गरिएको विवरण**

विभागको नाम :		विद्युत विकास विभाग

-------------------------------------------------------------------------------------------------------------------

**(क) निकायको स्वरुप र प्रकृति**

विद्युत विकास विभाग नेपाल सरकारको ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत विद्युत विकास सम्बन्धी कार्य गर्ने केन्द्रीय स्तरको विभाग हो ।

**(ख) निकायको काम, कर्तव्य र अधिकार**

१. विद्युत विकासमा संलग्न हुने निजी क्षेत्रका उद्यमीहरुबाट प्राप्त प्रस्तावहरुको स्थलगत लगायत प्राविधिक, आर्थिक, वातावरणीय अध्ययन तथा मूल्यांकन गर्ने गराउने, निजीक्षेत्रबाट निर्माण गरिने आयोजनाहरुको लागिअनुमतिपत्र दिने, सार्वजनिक निजी क्षेत्रबाट जलविद्युत आयोजनाको विकास र यसको प्रवर्द्धन गर्ने तथा यसको लागि आवश्यक प्रचार प्रसार गर्ने गराउने,

२. निजी क्षेत्र सँग नेपाल सरकालले गर्नु पर्ने विभिन्न सम्झौता आदिमा अध्ययन गरी त्यसको प्रारुप तयार गर्ने गराउने,

३. जलविद्युत उत्पादन तथा प्रसारण आयोजनाहरुका बातबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक बातबरणीय परिक्षणका Terms of Reference र Scoping Document सहितका प्रतिवेदनहरुको पुनरावलोकन गरी स्वीकृतिको लागि आवश्यक सुझाब सहित ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा सिफारिस गर्ने,

४. विद्युत विकासमा हालसम्मका प्रविधिहरूका अनुसन्धानका विषयमा अध्ययन गरी नेपालको परिप्रेक्ष्यमा त्यस्को सान्दर्भिकता सन्दर्भमा सिफारिश पेश गर्ने।

५. विद्युत उत्पादन, प्रशारण तथा वितरणको दीर्घकालीन तथा अल्पकालीन योजनाहरु तयार गर्ने / गराउने ।

६. जल तथा उर्जा आयोगको सचिवालयको समेत सहयोग लिई योजना प्रवर्धन सम्बन्धी विश्लेषण गर्ने, निजीक्षेत्रसँग नेपाल सरकारले गर्नुपर्ने विभिन्न सम्झौता आदिको अध्ययन गरी त्यसको प्रारुप तयार गर्ने,

७. निजीक्षेत्रको सहभागितामा सञ्चालन हुने साना जलविद्युत आयोजना कार्यान्वयनमा आवश्यकता अनुसार प्राविधिक सहायता उपलब्ध गराउने,

८. निजी उद्यमीहरु र नेपाल विद्युत प्राधिकरणवीच समन्वय गर्ने

९. नदी बेसिनहरुको जलस्रोत सम्बन्धी योजनाहरुको सर्बेक्षण एवं अध्ययन र जलविद्युत तथा बहुउद्देशीय आयोजनाहरुको छनौट, सर्बेक्षण तथा पूर्व संभाव्यता अध्ययन कार्यहरुको समन्वय तथा सुपरिवेक्षण कार्यका साथै तत्सम्बन्धी सम्पूर्ण व्यवस्थापन कार्य गर्ने गराउने।

१०. नेपालसरकारको लगानीका कार्यान्वयनको लागि छनौट भएका आयोजनाहरुको अध्ययन तथा कार्यान्वयन योजना तर्जुमा गर्ने गराउने,राष्ट्रिय विद्युत मागको प्रक्षेपण गर्ने गराउने, विद्युत विकासमा सौर्य, ताप एवं वायु शक्ति यथोचित विकास गर्ने गराउने, ।

११. बैदेशिक सहायता जुटाउने कार्यका लागि आवश्यक अध्ययन एवं प्रस्ताव तयार गर्ने कार्य गर्ने गराउने,विद्युत आदान प्रदान गर्नका लागि आवश्यक प्राविधिक अध्ययन एव विश्लेषण सम्बन्धी कार्य गर्ने गराउने,विद्युत मागको प्रक्षेपण र विद्युत उत्पादन प्रशारण तथा वितरणको दीर्धकालीन र अल्पकालीन योजनाहरुको सम्बन्धमा गरिएका प्राविधिक अध्ययनहरुको समिक्षा तथा विश्लेषण गरी आवश्यक सिफारिस सुझाव तयार गरी राख्ने ।

१२. विद्युतसंरचनाको सुरक्षा र त्यस सम्बन्धी जाँच बुझ सम्बन्धी कार्य गर्ने गराउने, विद्युत सेवाको स्तर र विद्युत उत्पादन, प्रसारण एवं वितरणमा उपयोग हुने सामानहरुको स्तर, उपयोग तरीका बारे निर्देशिका तयार गर्ने गराउने र सो अनुसार निरीक्षण गर्ने गराउने, विद्युत विकास गर्ने एवं सेवालाई स्तरीय एवं सुरक्षात्मक बनाउने कार्यहरु गर्ने गराउने,

१३. उत्पादन, र वितरण गरिने विद्युतको गुणस्तर निरीक्षण गर्ने, यसका लागि विद्युतको भोल्टेज तथा अन्य प्राविधिक कुराहरुको पालना भए नभएको निरीक्षण गर्ने गराउने, विद्युत उत्पादन केन्द्र, प्रसारणलाईन, रुपान्तरण केन्द्र, उपकेन्द्र, वितरण लाईन वा विद्युत सित सम्बन्धित कुनै संरचनाको सुरक्षाको मापदण्ड तोक्ने र तत्सम्बन्धी कार्य गर्ने गराउने ।

१४. विद्युत आयोजनाहरुको उत्पादन, प्रसारण एवं वितरण सम्बन्धमा आवश्यक गुणस्तर निर्धारण गरी सो अनुरुप भए नभएको निरीक्षण गर्ने, गराउनेभन्सार महशुल, आयकर तथा अन्य कर, विदेशी विनिमय, जग्गा प्राप्ति र अधिग्रहण तथा अन्य प्रचलित कानून बमोजिम सार्वजनिक तथा निजी उद्यमीहरुलाई सुविधा उपलब्ध गराउने,


१५. अन्तर प्रादेशिक बिद्युत सम्बन्धी निकायबीच समन्वयको भूमिका निर्बाह् गर्ने ।

## (ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

विभागको स्वीकृत दरवन्दी तेरिज

| क्रस | पद | श्रेणी | सेवा | समूह | उपसमूह | दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | ईन्जिनियरिङ | सिभिल/ईलेक्ट्रिकल/ | हा.पा./ज.ई./ | १ |
| २ | उप-महानिर्देशक | " | " | सिभिल | हा.पा | १ |
| ३ | उप-महानिर्देशक | " | " | ईलेक्ट्रिकल | जन.ईले. | १ |
| ४ | उप-महानिर्देशक | " | " | सिभिल/ईलेक्ट्रिकल/जियो. | हा.पा./ज.ई./ई.जियो. | २ |
| ५ | सू.ई. | " | " | सिभिल | हा.पा. | २ |
| ६ | सू.ई. | " | " | ईलेक्ट्रिकल | जन.ईले. | १ |
| ७ | सू.ई. जि. | " | " | जियोलोजी | ईन्जि.जियो. | १ |
| ८ | उप-सचिव | रा.प.द्वि. (प्र.) | प्रशासन | सामान्यप्रशासन | - | १ |
| ९ | प्रमूख लेखा | " | प्रशासन | लेखा | - | १ |
| १० | कानुनअधिकृत | " | न्याय | कानुन | - | १ |
| ११ | सि.डि.ई. | रा.प.द्वि.(प्रा) | ईन्जिनियरिङ | सिभिल | हा.पा. | १५ |
| १२ | " | " | " | ईलेक्ट्रिकल | जन.ईले. | ५ |
| १३ | " | " | " | मेकानिकल | जन.मेका. | २ |
| १४ | " | " | " | जियोलोजी | ईन्जि.जियो. | १ |
| १५ | सि.डि.ई. हाइड्रोलोजिस्ट | " | " | सिभिल | हाइड्रोलोजी | १ |
| १६ | ईन्जिनियर | रा.प.तृ. | " | सिभिल | हा.पा. | २७ |
| १७ | ईन्जिनियर | रा.प.तृ. | " | ईलेक्ट्रिकल | जन.ईल. | १७ |
| १८ | ईन्जिनियर | " | " | सिभिल | हाईड्रोलोजी. | १ |
| १९ | ईन्जिनियर | " | " | जियोलोजी | ईन्जि.जिया | ३ |
| २० | ईन्जिनियर | " | " | मेकानिकल | जन.मेको. | ३ |
| २१ | क्म्प्युटर अधिकृत | " | विविध |  | - | १ |
| २२ | शाखाअधिकृत | रा.प.तृ. (प्र.) | " | सामान्यप्रशासन | - | १ |
| २३ | लेखाअधिकृत | " | प्रशासन | लेखा | - | १ |
| २४ | वातावरण विद | रा.प.तृ. (प्रा.) | विविध | - | - | १ |
| २५ | नायब सूब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सामान्यप्रशासन |  | ५ |
| २६ | नायब सूब्बा | रा.प.अनं. प्रथम | न्याय | कानून |  | १ |
| २७ | लेखापाल | " | प्रशासन | लेखा | - | १ |
| २८ | सव-ईन्जिनियर | रा.प.अनं. प्रथम | ईन्जिनियरिङ | सिभिल | हा.पा. | १ |
| २९ | कम्प्युटर अपरेटर | " | विविध | - |  | ६ |
| ३० | ड्रा.कम मेकानिक्स | रा.प.अंन.प्र.(प्रा) | ईन्जिनियरिङ | जनरल मेकानिकल |  | ३ |
| ३१ | ह.स. चालक | श्रेणी विहिन |  |  |  | ८ |
| ३२ | का.स. | " |  |  |  | १० |
| | कूल जम्मा | | | | | १२६ |

# विद्युत विकास विभागको संगठन संरचना



## (घ) – (ज) निकायबाट प्रदान गरिने सेवा

| सि नं | (घ)निकायबाट प्रदान गरिने सेवा | (ङ)सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | (च)सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | (छ)निर्णय गर्ने प्रकृया र अधिकारी | (ज)निर्णय उपर उजुर सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहहरुबाट प्राप्त १००० किलोवाट सम्मका विद्युत आयोजनाहरुको Technical Clearance( प्राबिधिक स्विक्रिति)का लागि दिएका दरखास्तहरु उपर कारबाही गर्ने, | अनुमति पत्र महाशाखा<br>सम्बन्धित ईन्जीनियर/<br>सि डि ई/उप महानिर्देशक | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया<br><br>महानिर्देशक | महानिर्देशक |
| २ | निजी क्षेत्रको प्रवर्धकहरुले १ मेगावाट देखि १०० मेगावाट सम्मका विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरुको अध्ययन र विकासको लागि दिएका सर्भेक्षण/उत्पादनको दरखास्त/प्रस्तावहरु अध्ययन गरी अनुमति पत्र सम्बन्धी कारवाही गर्ने | अनुमति पत्र महाशाखा<br>सम्बन्धित ईन्जीनियर/<br>सि डि ई/उप महानिर्देशक | विद्युत नियमावली अनुसार दस्तुर लाग्ने<br>सर्भेक्षण अनुमतिपत्रको हकमा सम्पूर्ण विवरण पुगेको मितिले ३० दिन<br>उत्पादन अनुमतिपत्रको हकमा सम्पूर्ण विवरण पुगेको मितिले १२० दिन | सहभागितामूलक प्रकृया<br><br>महानिर्देशक | महानिर्देशक |
| ३ | निजी क्षेत्रको प्रवर्धकहरुले बहु उद्देश्यीय, जलाशययुक्त तथा १०० मेगावाटभन्दा माथिका विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरुको अध्ययन र विकासको लागि दिएका सर्भेक्षण/उत्पादनको दरखास्त/प्रस्तावहरु अध्ययन गरी अनुमति पत्र सम्बन्धी करबाहीको लागी मन्त्रालयमा सिफारिस गर्ने | अनुमति पत्र महाशाखा<br>सम्बन्धित ईन्जीनियर/<br>सि डि ई/उप महानिर्देशक/महानिर्देशक | विद्युत नियमावली अनुसार दस्तुर लाग्ने<br>सर्भेक्षण अनुमतिपत्रको हकमा सम्पूर्ण विवरण पुगेको मितिले ३० दिन<br>उत्पादन अनुमतिपत्रको हकमा सम्पूर्ण विवरण पुगेको मितिले १२० दिन | सहभागितामूलक प्रकृया<br><br>सचिब (मन्त्रालय) | सचिब (मन्त्रालय) |
| ४ | अध्ययनमा रहेका निजी क्षेत्रका आयोजनाहरुको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधा सम्बन्धमा सिफारिश गर्ने | अनुमति पत्र महाशाखा<br>सम्बन्धित ईन्जीनियर/<br>सि डि ई/उप महानिर्देशक | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया<br><br>महानिर्देशक | महानिर्देशक |
| ५ | निर्माणको चरणमा रहेका निजी क्षेत्रका आयोजनाहरुको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधा, भन्सार/मू अ कर सुविधा तथा विस्फोटक पदार्थ एवं सुरक्षा सम्बन्धमा सिफारिश गर्ने | सम्बन्धित महाशाखाका ईन्जीनियर/<br>सि डि ई/उप महानिर्देशक | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया<br><br>महानिर्देशक | महानिर्देशक |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | अध्ययनमा रहेका निजी क्षेत्रका आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदनहरु राय/सुझाव सहित कारवाहीको लागि ऊर्जा मन्त्रालयमा पठाउने | सम्बन्धित महाशाखाका ईन्जीनियर/<br>सि डि ई/उप महानिर्देशक | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया<br><br>महानिर्देशक | महानिर्देशक |
| ७ | निर्माणको चरणमा रहेका निजी क्षेत्रका आयोजनाहरुको लागि आवश्यक सरकारी जग्गा प्राप्ति, विदेशी कामदारहरुको भिसा र श्रम स्वीकृति सम्बन्धमा सिफारिश गर्ने | प्रशासन शाखा<br>शाखा अधिकृत/<br>उप सचिव | दस्तुर नलाग्ने | सहभागितामूलक प्रकृया<br><br>महानिर्देशक | महानिर्देशक |
| ८ | बिभाग अन्तर्गत सर्बेक्षण एवं अध्ययन का लागी छनौट भएका आयोजनाहरुको सर्बेक्षण तथा आबश्यक अध्ययन कार्यहरुको समन्वय तथा सुपरिवेक्षण कार्यका साथै तत्सम्बन्धी सम्पूर्ण व्यवस्थापन कार्य गर्ने गराउने। | सम्बन्धित महाशाखाका ईन्जीनियर/<br>सि डि ई/उप महानिर्देशक | स्वीक्रित कार्यक्रम अनुसार हुने | सहभागितामूलक प्रकृया<br><br>महानिर्देशक | महानिर्देशक |

(झ) सम्पादन गरेको कामको विवरण

विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरुको अनुमति पत्र सम्बन्धी:

| सि नं | कार्यक्रम | हाल सम्मको बिवरण | | २०७७ माघ – चैत्र सम्मको | |
|---|---|---|---|---|---|
| | | वटा | मे.वा | वटा | मे.वा |
| १ | विद्युत उत्पादनको सर्भेक्षण अनुमतिपत्र | २६८ | १७०६०.३३ | ८ | २४४.८ |
| २ | विद्युत उत्पादन अनुमतिपत्र | २३६ | ८४१६.९५७ | ५ | ७२.०३६ |
| ३ | प्रसारण लाईन सर्भेक्षण अनुमतिपत्र | | | | |
| | भोल्टेज लेवल के.भी. | वटा | लम्बाई कि.मी. | वटा | लम्बाई कि.मी. |
| | ४०० | १९ | १५६७.४ | १ | १५५ |
| | २२० | १६ | ३००.२५८ | - | |
| | १३२ | ६२ | १२०७.९१३ | - | |
| | ३३ | ५२ | ५५५.६५३ | ३ | ३२.३ |
| ४ | प्रसारण लाईन निर्माण अनुमतिपत्र | | | | |
| | भोल्टेज लेवल के.भी. | वटा | कि.मि. | वटा | कि.मि. |
| | ४०० | ४ | ३१७ | - | |
| | २२० | १८ | ४५२.१६४ | - | |
| | १३२ | ७४ | ६४७.२१७ | १ | २.५ |
| | ६६ | ५ | १८ | - | |
| | ३३ | ४६ | ३७५.०४ | २ | १४.५ |

निर्माणको चरणमा रहेका निजी क्षेत्रका आयोजनाहरुको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधा, भन्सार/मू अ कर सुविधा तथा विस्फोटक पदार्थ एवं सुरक्षा सम्बन्धमा सिफारिश सम्बन्धी :

| सि नं | कार्य | २०७७ माघ- चैत्र सम्मको विवरण |
|---|---|---|
| १ | आयोजना निरीक्षण | ३१ वटा |
| २ | भन्सार महशुल तथा मु. अ. कर छुट सिफारिश | ८१ वटा |
| ३ | सटही सुबिधा सिफारिश | ११ वटा |
| ४ | रोयल्टी संकलन | रु. ८६८७००८५२.१५ |

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

१ सूचना अधिकारी
नाम: निशा रिजाल
पद: सिनियर डिभिजनल ईन्जीनियर

२ विभागीय प्रमुख
नाम: नविन राज सिंह
पद: महानिर्देशक

(ट) ऐन, नियम, विनियम र निर्देशिकाको सूची

ऐनहरु:

१. विद्युत ऐन, २०४९
२. जलस्रोत ऐन, २०४९
३. सार्वजनिक खरीद ऐन, २०६३
४. निजामति सेवा ऐन, २०४९
५. सूचनाको हक सम्बन्धी ऐन, २०६४
६. वातावरण संरक्षण ऐन, २०७६
७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
८. सुशासन ऐन २०६४
९. आर्थिक कार्यबिधि ऐन, २०५५
१०. श्रम ऐन २०७४

नियमावलीहरु:

१. विद्युत नियमावली, २०५०
२. जलस्रोत नियमावली, २०४९
३. सार्वजनिक खरीद नियमावली, २०६३
४. निजामति सेवा नियमावली, २०५०
५. सूचनाको हक सम्बन्धी नियमावली, २०६५
६. वातावरण संरक्षण नियमावली, २०७७
७. आर्थिक कार्यबिधि नियमावली, २०६४
८. सुशासन नियमावली, २०६५
९. श्रम नियमावली २०७५

निर्देशिकाहरु:

१. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५
२. ग्रीड कनेक्टेड बैकल्पिक विद्युत ऊर्जा बिकास सम्बन्धी कार्यविधि, २०७४
३. विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिश सम्बन्धी निर्देशिका, २०७४
४. जल विद्युत तथा प्रसारण आयोजनाहरुको प्रारम्भीक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी कार्यबिधि, २०७३
५. जल विद्युत आयोजना विकास सम्झौता सम्बन्धी कार्यविधि,२०६९
६. Guidelines for operation and maintenance of Hydropower plants, Substations and Transmission Lines, 2017.
७. Guideline for Power System Optimization of Hydropower Project, 2015.
८. Guideline for Study of Hydropower Project, 2018.
९. Design Guidelines for Headworks of Hydropower Project.
१०. Design Guidelines for Water Conveyance System of Hydropower Project.

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण**

**१ आम्दानीको विवरण खर्चको विवरण**

**(ड) तोकिए बमोजिमका अन्य विवरण**

**सूचनाको हक सम्बन्धी नियमावली, २०६५ (दोस्रो संशोधन, २०७०) को दफा ३ बमोजिम सूचीकृत गरी प्रकाशित गरिएको विवरण:**

**क) अघिल्लो आर्थिक वर्षमा संचालन गरेको कार्यक्रम वा आयोजना**

| सि नं | कार्यक्रम/आयोजना |
|---|---|
| १ | विद्युत विकास विभाग अन्तर्गत भवन निर्माण, सम्भाव्यता अध्ययन तथा विस्तृत डिजाइन |
| २ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्धन |
| ३ | जल विद्युत आयोजना अध्ययन |
| ४ | जल विद्युत आयोजना सम्बन्धी मापदण्ड |
| ५ | बूढीगंगा जलविद्युत आयोजनाको विकास/निर्माण |

ख) वेबसाईटको विवरण: http://www.doed.gov.np

ख१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग

| सि नं | आयोजना | दातृ राष्ट्र | सहयोगको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | सप्तकोशी उच्च बाँध वहुउद्देशीय आयोजना | भारत | अनुदान | डि पि आर तयार गर्ने |
| २ | बूढीगंगा जलविद्युत आयोजना | कुवेत | ऋण | अध्ययन तथा निर्माण गर्ने |
| | | सउदी अरब | ऋण | |

ख२) संचालन गरेको कार्यक्रम र सो को हाल सम्मको (आ.ब. २०७७/०७८) प्रगति प्रतिवेदन :

| सि नं | कार्यक्रम/योजना को नाम | बार्षिक बजेट (रु लाखमा ) | बार्षिक खर्च ( रु लाखमा ) | प्रगति | |
|---|---|---|---|---|---|
| | | | | भौतिक (%) | वित्तीय (%) |
| १ | विद्युत विकास विभाग (P1) | १२७० | ४७६ | ७२.२२ | ३७.४८ |
| २ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्धन (P1) | १६ | १५ | १०० | ९३.७५ |
| ३ | जलविद्युत आयोजना अध्ययन (P1) | ९९०३ | ३४०५ | ८२.३५ | ३४.३८ |
| ४ | बूढी गंगा ज वि आ (P1) | १६३९४ | २००.८३ | ६०.९ | १.२ |
| ५ | सप्तकोशी बहुउद्देश्यीय आयोजना (P2) | ६५३ | १२१.७५ | ३६.१६ | १८.६४ |
| ६ | पंचेश्वर बहुउद्देश्यीय आयोजना (P2) | ८९ | २८ | ५१.४५ | ३१.४६ |
| | **कूल जम्मा** | २८,३२५ | ४२४७ | | |

ख३) वर्गीकृत र संरक्षित सूचनाको नामावली र समयावधि : हाल उपलब्ध नभएको, आवश्यकता अनुसार कारवाही हुने

ख४) सूचना मांग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :

ग) सूचना अन्यत्र प्रकाशनको व्यवस्था :